# दुई दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न

विशेष अदालत र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको संयुक्त आयोजनामा मिति २०७७ साल चैत १९ र २० गते भक्तपुरस्थित होटल रत्नागिरी प्रा.लि. मा दुई दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। सम्पत्ति शुद्धीकरणसम्बन्धी विषयमा सरोकारवाला निकायहरुको ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्दै कार्यानुभव साटासाट गर्ने उद्देश्यले आयोजित उक्त अन्तरक्रिया कार्यक्रमको अध्यक्षता विभागका महानिर्देशक श्री गजेन्द्र कुमार ठाकुरले गर्नुभएको थियो। विशेष अदालतका रजिस्ट्रार श्री अशोक कुमार क्षेत्रीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका उपमहानिर्देशक श्री कृष्ण प्रसाद पराजुली, विशेष अदालतका उपरजिस्ट्रारद्वय श्री पुष्पराज पाण्डेय र श्री नारद प्रसाद भट्टराई, विभागका निर्देशक श्री सुशील प्रसाद आचार्य लगायत दुवै निकायका अधिकृत तथा कर्मचारीहरुको सहभागिता थियो।

कार्यक्रममा विभागका निर्देशक श्री तेजप्रकाश प्रसाईंले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी दर्शन, राष्ट्रिय एवं अन्तरराष्ट्रिय अभ्यास र अवस्थाका साथै विभागबाट भैरहेका अनुसन्धानात्मक कामकारवाही समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। त्यस्तै, विशेष अदालतका उपरजिस्ट्रार श्री नारद प्रसाद भट्टराईले अदालतमा मुद्दा दर्ता गर्न ल्याउँदा आवश्यक पर्ने कागजात, पूरा गर्नुपर्ने प्रक्रिया एवं पालना गर्नुपर्ने प्रावधानहरुका साथै आगामी दिनमा सुधार गर्नुपर्ने पक्षहरु समेटिएको आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभयो।

विभागका उपमहानिर्देशक श्री कृष्ण प्रसाद पराजुलीले यस प्रकारका छलफल एवं अन्तरक्रिया कार्यक्रमहरुले सरोकारवाला निकायहरुबीच बुझाईमा एकरुपता र कार्यमा तादात्म्यता कायम गरी लक्ष्य प्राप्तिमा सघाउ पुऱ्याउने हुँदा यस्ता कार्यक्रमहरुले निरन्तरता पाउनुपर्ने धारणा व्यक्त गर्नुभयो। महानिर्देशक श्री गजेन्द्र कुमार ठाकुरले सम्पत्ति शुद्धीकरण अनुसन्धानको वर्तमान अवस्था र बदलिँदो प्रवृत्तिबारे चर्चा गर्नुभएको थियो।

कार्यक्रममा आफ्नो मन्तव्य प्रदान गर्नुहुँदै विशेष अदालतका रजिस्ट्रार एवं कार्यक्रमका प्रमुख अतिथि श्री अशोक कुमार क्षेत्रीज्यूले सम्पत्ति शुद्धीकरण; Power of Finance, Financial Integrity & Global Governance सँग सम्बन्धित विषय भएकाले अन्तरनिकायगत समन्वय, सञ्जालीकरण र एकीकृत प्रयासले मात्रै स्वस्थ वित्तीय समाजको स्थापना हुन सम्भव रहेको विचार व्यक्त गर्नुभयो।

मिति : २०७७।१२।२२

प्रवक्ता